बैठक संख्या:१६४

आज मिति २०८१/६/१५ गत मंगलवार बिहान ११:०० बजे यस गजुरी गाउँपलिका, धादिङ्गका अध्यक्ष श्री गणेश लाल श्रेष्ठज्यूको अध्यक्षता तथा तपशिल बमोजिमको कार्यपलिका सदस्य ज्यूहरुको उपस्थितिमा गाउँपालिका कार्यालय, गजुरीमा सम्पन्न गाउँकार्यपालिका बैठकमा देहायका विषयमा छलफल गरि निम्न निर्णय गरियो ।

उपस्थिति

| सि.न. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गणेश लाल श्रेष्ठ | अध्यक्ष | |
| २ | श्री शर्मिला विशुराल | उपाध्यक्ष | |
| ३ | श्री तारानाथ भण्डारी | वडा अध्यक्ष | |
| ४ | श्री द्रोण कडेँल | वडा अध्यक्ष | |
| ५ | श्री ऋषिलाल श्रेष्ठ | वडा अध्यक्ष | |
| ६ | श्री सुरेन्द्र प्रजा | वडा अध्यक्ष | |
| ७ | श्री गोबिन्द लामिछाने | वडा अध्यक्ष | |
| ८ | श्री भक्त वहादुर तामाङ | वडा अध्यक्ष | |
| ९ | श्री वद्री प्रसाद जम्मकट्टेल | वडा अध्यक्ष | |
| १० | श्री देवराज ओझा | वडा अध्यक्ष | |
| ११ | श्री आयुष प्रजा | कार्यपालिका सदस्य | |
| १२ | श्री सनक वहादुर प्रजा | कार्यपालिका सदस्य | |
| १३ | श्री मैयाँ डल्लाकोटी | कार्यपालिका सदस्य | |
| १४ | श्री गंगा श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५ | श्री तारा लामा | कार्यपालिका सदस्य | तारा |
| १६ | श्री फुलमाया तामाङ | कार्यपालिका सदस्य | |
| १७ | श्री राजु अधिकारी | सचिव | |

प्रस्तावहरु:

१.विपद् मा परि ज्यान गुमाएका प्रति श्रद्धाञ्जली तथा घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने सम्बन्धमा ।

२.विपद् मा परेका हरुको उद्धार तथा राहत व्यवस्थापनमा खटिएका हरुका लागि धन्यवाद ज्ञापन सम्बन्धमा ।

३.विपद् प्रभावित तथ्याङ्क संकलन सम्बन्धमा ।

४.विपद् प्रतिकार्य मापदण्ड तयार सम्बन्धमा ।

५.विपद् प्रभावितका लागि राहत संकलन One Door विधि अपनाउने सम्बन्धमा ।

६.पदाधिकारी तथा कर्मचारीहरु बाट सहयोग संकलन अभियान सम्बन्धमा ।

७.आम नागरिक तथा शुभेच्छुकहरु संग सहयोगका लागि अपिल गर्ने सम्बन्धमा ।

८.थप क्षति भएका सहित ग्रामिण सडक सफाइ सम्बन्धमा ।

९.अवरुद्ध मलेखु- ताल्ती सडक खण्ड संचालन सम्बन्धमा ।

१०. तारजाली तथा पाइप खरिद सम्बन्धमा ।

११. प्रशासकीय भवनको VO स्वीकृति सम्बन्धमा ।

१२. निर्माण प्रस्ताव गरिएको शहिद पार्कको DPR सम्बन्धमा ।

निर्णयहरु:

१.विपद् मा परि ज्यान गुमाएका प्रति श्रद्धाञ्जली तथा घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने सम्बन्धमा ।

प्रस्ताव नं १ मा भएको छलफलबाट गत असोज ११ र १२ गते परेको अविरल वर्षाको कारणले सिर्जित बाढी तथा पहिरो लगायतको मनसुनजन्य विपद् मा परि मृत्युवरण गर्ने गजुरी गापा ८ का

प्रतिलिपि प्रमाणित
२०८१/०६/१६
राजु अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

साइरा तामाङ, बेनिघाट रोराङ गापा घरभई गजुरी-२ मा पहिरोमा पुरिएर मृत्युभएका जन्ता चेपाङ तथा सन्त ब चेपाङ सहित सबै मृतकहरु प्रति हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्ने तथा शोकाकुल परिवारजनमा समवेदना व्यक्त गर्ने निर्णय गरियो । साथै घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै बेपत्ता भएका हरुको शिघ्र खोजका लागि अपिल गर्ने निर्णय समेत गरियो ।

२. विपद् मा परेका हरुको उद्धार तथा राहत व्यवस्थापनमा खटिएका हरुका लागि धन्यवाद ज्ञापन सम्बन्धमा ।

प्रस्ताव नं २ मा भएको छलफलबाट विपद्को यस कठिन घडिमा खोज,उद्धार तथा राहत कार्यमा जुट्नुहुने सबै सुरक्षा निकाय, राजनैतिक दल, आम संचार क्षेत्र , विभिन्न संघ संस्था तथा आम नागरिक प्रति हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

३. विपद् प्रभावित तथ्याङ्क संकलन सम्बन्धमा ।

प्रस्ताव नं ३ मा भएको छलफलबाट मनसुनजन्य विपद्को तथ्याङ्क संकलनका लागि सम्वन्धित वडा कार्यालयलाई विशेष निर्देशन दिदै शिघ्र रुपमा एकिन तथ्याङ्क संकलन गर्ने/गराउने निर्णय गरियो । साथै क्षतिको विवरण संकलनार्थ संचालनमा ल्याइएको विद्युतीय सेवा (WhatsApp तथा Viber ) सेवालाई निरन्तरता दिने, प्राविधिक शाखा सहित कृषि शाखालाई समेत स्थलगत अनुगमनका लागि परिचालित गर्ने निर्णय गरियो ।

४. विपद् प्रतिकार्य मापदण्ड तयार सम्वन्धमा ।

प्रस्ताव नं ४ मा भएको छलफलबाट विपद् प्रभावितहरुलाई राहत उपलब्ध गराउने तथा पुनर्वास गराउने सम्वन्धमा साझेदारी सहायता विधि कार्यान्वयन गर्दै क्षतिको प्रकृति र सघनताको आधारमा मूल्यांकन गरि सहायता उपलब्ध गराउने, बस्न योग्य अर्को घर वा स्थायी संरचना नभएकाहरु लागि मात्रै राहतका लागि सिफारिस गर्ने एवम् राहत उपलब्ध गराउने , तारजाली वा पाइप वा अन्य

२०८१/०६/१६
राजु अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

यस्तै सहायता उपलब्ध गराउँदा बाँकि काम लाभग्राहि आफैले गर्नुपर्ने जस्ता व्यवस्था अनिवार्य गरि साझेदारी सहायता मोडल लागू गर्ने निर्णय गरियो ।

५. विपद् प्रभावितका लागि राहत संकलन One Door विधि अपनाउने सम्बन्धमा ।

प्रस्ताव नं ५ मा भएको छलफलबाट मनसुनजन्य विपद्का कारणले प्रभावित भएका हरुका लागि बिभिन्न संघ संस्था तथा व्यक्तिहरुबाट आर्थिक तथा जिन्सी सहयोग उपलब्ध गराउँदा स्थानीय सरकारको समन्वयमा कार्यान्वयन हुने गरि One Door Policy कार्यान्वयन गर्ने निर्णय गरियो । यसका लागि नगद सहयोग गर्नुहुनेले विपद् व्यवस्थापन कोष मार्फत तथा जिन्सी सहयोग गर्नुहुनेले वडा कार्यालयसंगको समन्वयमा वितरण गर्ने गरि सहयोग उपलब्ध गराउन सक्ने निर्णय समेत गरियो ।

६. पदाधिकारी तथा कर्मचारीहरु बाट सहयोग संकलन अभियान सम्वन्धमा ।

प्रस्ताव नं ६ मा भएको छलफलबाट विपद्को यस घडीमा गजुरी गाउँपालिकाका सबै जनप्रतिनिधहरुको मासिक सेवा सुविधाको न्युनतम १० दिन बराबरको रकम प्रकोप व्यवस्थापन कोषमा जम्मा गर्ने, अधिकृत तहका कर्मचारीहरुको हकमा न्युनतम ५ दिन तथा सहायकस्तर तहका कर्मचारीहरुले न्यूनतम ३ दिन तथा अन्य कर्मचारीले न्युनतम १ दिन बरावरको रकम साथै शिक्षक कर्मचारीहरुको हकमा पनि सोहि बमोजिम हुने गरि उक्त कोषमा सहयोग उपलब्ध गर्ने/गराउने निर्णय समेत गरियो ।

७. आम नागरिक तथा शुभेच्छुकहरु संग सहयोगका लागि अपिल गर्ने सम्वन्धमा ।

प्रस्ताव नं ७ मा भएको छलफलबाट विपद्को यस समयमा राहत तथा पुनर्स्थापनाका लागि आवश्यक सहयोग उपलब्ध गराउन संघ तथा प्रदेश सरकारका सबै निकायहरुसहित गाउँपालिका क्षेत्रमा क्रियाशील सबै राजनैतिक दल तथा भातृ संगठनहरु, संघसंस्थाहरु, गजुरी गाउँपालिका जन्मथलो भइ देश विदेशमा रहनुहुने सबै व्यक्तित्वहरु, पत्रकार तथा संचार जगत्, विभिन्न पेशा

प्रमाणित

२०८१।०६।१६

राजु अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

व्यवसायमा आवद्ध महानुभावहरु, कर्मचारी तथा शिक्षक वर्गसहित आम नागरिकमा अपिल गर्ने निर्णय गरियो ।

८. थप क्षति भएका सहित ग्रामिण सडक सफाइ सम्बन्धमा ।

प्रस्ताव नं ८ मा भएको छलफलबाट यस गाउँपालिकाका शाखा सडकहरु सफाइका लागि बजेट विनियोजन भइ केहि वडाहरुमा सफाइ कार्य सुरु गरिसकिएको भएतापनि गत ११ र १२ गतेको अविरल वर्षाले थप सडक खण्डहरुमा क्षति भएकोले योजना सम्झौता बमोजिमको रकम अपुग हुने भएमा प्राविधिक लागत अनुमान बमोजिम अपुग हुने रकम वडा स्तरीय विपद् व्यवस्थापन शिर्षकबाट सुनिश्चित गराइ सडक सफाइ कार्य दशैं अगावै सम्पन्न गर्ने निर्णय गरियो ।

९. अवरुद्ध मलेखु- ताल्ती सडक खण्ड संचालन सम्बन्धमा ।

प्रस्ताव नं ९ मा भएको छलफलबाट गजुरी गापा २ स्थित मलेखु – ताल्ती सडकखण्डको आँपटारमा पहिरोका कारणले करिब २० मि सडकखण्ड पुर्ण रुपमा भासिइ यातायात अवरुद्ध भएकाले उक्त सडक खण्ड तत्काल संचालन गर्न अपरिहार्य भएकाले प्राविधिक लागत अनुमान बमोजिम हुने रकम विपद् व्यवस्थापन कोषबाट सुनिश्चचित हुने गरि अस्थायी संरचना निर्माण गरि यातायात संचालन गर्ने निर्णय गरियो ।

१०. तारजाली तथा पाइप खरिद सम्वन्धमा ।

प्रस्ताव नं १० मा भएको छलफलबाट गत ११ र १२ गतेको बाढी पहिरोका कारणले गजुरी गापा २ स्थित विहानी पम्प क्षेत्र, चालिसे क्षेत्र लगायतका अन्य क्षेत्रमा नदिले बस्ति छेउ कटान गरि कयौं घरहरु बग्ने जोखिम कायमै रहेको कतिपय वस्तीमा खानेपानीको संरचना पुर्ण तथा आंशिक क्षति गरि खानेपानि अवरुद्ध भएकाले सिलवन्दी दरभाउविधि मार्फत खरिद व्यवस्थापन गर्दा समयमै क्षति रोक्ने गरि कार्य गर्न नसक्ने देखिएकाले तत्कालका लागि अधिकतम १० लाख बराबरको

राजु अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

जारजाली र अधिकतम ५ लाख बजेट बराबरको पाइप सोझै खरिद विधिबाट खरिद गरि वितरण गर्ने निर्णय गरियो ।

११. प्रशासकीय भवनको VO स्वीकृति सम्बन्धमा ।

प्रस्ताव नं ११ मा भएको छलफलबाट यस कार्यालयबाट चालु आ.व. मा ठेक्का मार्फत संचालन भइरहेको गजुरी गाउँपालिका प्रशासकीय भवन निर्माण कार्यको सुरु सम्झौतामा नभएका निम्न आइटमहरुको भेरिएसन गर्नुपर्ने भनि पूर्वाधार विकास शाखाबाट मिति २०८१/०५/१२ मा पेश भएको सिफारिस बमोजिम निर्माण व्यवसायीले पेश गरेको दररेटहरु स्वीकृत गरी कम्पाउण्ड र रिटेनिङ वालको कार्य घटाई सुरु सम्झौता रकमबाट नवढाई गाउँपलिकालाई थप आर्थिक भार नपर्ने गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८(२) बमोजिम भेरिएसन आदेश स्वीकृत गरी सोहीअनुसार कार्य गर्न / गराउनुहुन सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो ।

१. छानामा झिंगटी टाईल छाप्ने कार्य,
२. भवन प्रवेश गर्ने मूल ढोकाहरु (४ वटा) मा तराईको अग्राख काठको खापा राखी बुट्टा बनाइ जडान गर्ने कार्य,
३. इन्टरनेटको लागि आवश्यक तार र सम्वन्धित फिक्स्चरहरु
४. सि.सि. क्यामेरा जडानको लागि आवश्यक तार र सम्बन्धित फिक्स्चरहरु ।
५. सवै झ्यालमा फलामे स्क्वायर रडको ग्रिल बनाइ जडान गर्ने काम ।

१२. निर्माणाधीन पार्कको DPR सम्बन्धमा ।

प्रस्ताव नं १२ मा भएको छलफलबाट गजुरी गाउँपालिकाको निर्णयानुसार गजुरी गापा ६ मा स्थित खोरिया सालघारीमा निर्माण प्रस्तावि गरि DPR भइसकेकोमा उक्त स्थानमा फोहोरमैला व्यवस्थापन तथा सरसफाइ केन्द्र का साथै बागमती प्रदेश सरकारको लागत सहभागितामा यस क्षेत्रका तीन स्थानीय तहहरु बेनिघाट रोराङ, सिद्धलेक तथा गजुरी गाउँपालिको लागत सहभागितामा प्राङगारिक मल कारखाना समेत स्थापना हुने प्रकृया अघि बढेकोले उक्त प्रस्तावित शहिद पार्क निर्माण कार्यक्रम गजुरी गापा ६ स्थित गौरिभन्ज्याङ क्षेत्रमा अघि बढाउने गरि DPR संशोधन कार्य अघि बढाउने निर्णय गरियो ।

२०८१/०५/१६

राजु अधिकारी
प्रमुख प्रशासकीय अधिकृत